आज मिति २०७५/०८/१९ गतेका दिन शिवालय गाउँपालिका सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री विरबल खत्री | वडा अध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडा अध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रस्तावहरु

१. इलाका प्रहरी भवन निर्माण सहमति सम्बन्धमा ।

२. नीतिगत तथा संस्थागत सहजिकरण गर्ने सम्बन्धमा ।

३. अदालतको प्रतिउत्तर लगाउने सम्बन्धमा ।

४. सहजिकरण तथा मुल्यांकन समिति गठन सम्बन्धमा ।

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा UNOPS द्वारा निर्माण गरिने इलाका प्रहरी कार्यालय भवन निर्माणको लागि तयार गरिएको नक्सा पास गरी उक्त भवन निर्माण कार्य अगाडी बढाउन सहमति प्रदान गर्ने गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकामा जलवायु परिवर्तन तथा विपद् जोखिम व्यबस्थापन सम्वन्धी आवश्यक नीतिगत तथा संरचनागत सहजिकरण लगायत क्षमता विकास, वातावरणिय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणिय परीक्षण र भवन निर्माण संहिता सम्वन्धि अभिमुखिकरण कार्यक्रम लगायतका अन्य कार्यक्रमको लागि अक्सफोर्ड पोलिसि म्यानेजमेन्ट (OPM) सँग नीतिगत तथा संस्थागत सहजिकरण परियोजनासँग साझेदारीमा कार्यक्रम गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा नेपाल कर्मचारी युनियनको तर्फबाट अ.प्रा. कमलप्रसाद खतिवडासमेत निवेदक रहेको शिवालय गाउँ कार्यपालिकाको कार्यालय विरुद्धको उत्प्रेषण मुद्दामा गुज्रेको म्याद थमाई लिखित जवाफ पेश गर्न सर्वोच्च अदालत काठमाडौं जानका लागि शिवालय गाउँपालिकाको तर्फबाट नायव सुब्बा श्री कालि बहादुर रानालाई अधिकार जिम्मेवारी दिई पठाउने निर्णय गरियो ।

### निर्णय नं. ४

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमअन्तर्गत कार्यान्वयन हुने ४ वटा CRD आयोजनाहरु लघु पूँजी अनुदान अन्तर्गत सञ्चालन हुने हुँदा आवश्यक प्रक्रियागत सहजिकरण तथा मुल्यांकन गर्नको लागि तपशिल अनुसारको सहजिकरण तथा मुल्यांकन समिति बनाउने निर्णय गरियो ।

तपशिल

१. प्रमुख प्रशासकीय अधिकृत शिवालय गाउँपालिका -अध्यक्ष

२. इन्जिनियर -सदस्य

३. लेखा प्रमुख -सदस्य

४. प्रमुख प्रशासन तथा योजना इकाई -सदस्य

५. NCCSP फोकल पर्सन -सदस्य

६. गाउँपालिका संयोजक NCCSP -सदस्य

७. गाउँपालिका प्रशासन तथा वित्त सहायक -सदस्य सचिव

मिति २०७५/०८/१९ गते बुधबारका दिन शिवालय गाउँकार्यपालिकाको एक्काइसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।